# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४३ | काठमाडौं | शनिबार, २८ भदौ २०८२ | Prabhab National Daily | Saturday, 13 September 2025 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# पहिलो महिला प्रधानमन्त्री बनिन् सुशीला कार्की



## जेन-जी आन्दोलनको बलमा मुलुकको ४२औं प्रधानमन्त्रीको शपथ
## ६ महिनाभित्र प्रतिनिधिसभा चुनाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पूर्वन्यायाधीश सुशीला कार्कीले नेपालको पहिलो प्रधानमन्त्री बन्दै इतिहास रचेकी छन् । जेन-जी आन्दोलनको बलमा कार्कीले शुक्रबार ४२औं प्रधानमन्त्रीका रूपमा शपथ लिएकी हुन् ।

राष्ट्रपतिको सरकारी कार्यालय शितलनिवासमा कार्कीले प्रधानमन्त्रीको रूपमा शपथ लिएकी हुन् । कार्की मुलुकको पहिलो महिला प्रधानन्यायाधीश हुन् । वि.सं. २०७३ असार २७ देखि २०७४ जेठ २४ गतेसम्म प्रधानन्यायाधीश सम्हालेकी उनको जन्म २००९ जेठ २५ मा मोरङको विराटनगरमा भएको थियो ।

सुशीलाले महेन्द्र मोरङ क्याम्पसबाट २०२८ मा स्नातक र बनारस हिन्दू विश्वविद्यालयबाट २०३१ मा राजनीतिशास्त्रमा स्नातकोत्तर गरेकी छन् । त्यसैगरी २०३४ मा त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक गरेकी उनले २०४२ देखि २०४६ सालसम्म महेन्द्र बहुमुखी क्याम्पस, धरानमा प्राध्यापन गरेकी थिइन् ।

कार्कीले कानुनी पेसा भने २०३५ बाट सुरु गरेकी थिइन् । विराटनगर पुनरावेदन अदालतमा बारको अध्यक्षसमेत बनेकी कार्की २०६१ मा वरिष्ठ अधिवक्ता बनिन् । सर्वोच्च अदालतमा उनको प्रवेश २०६१ मा अस्थायी न्यायाधीशको रूपमा भएको थियो । २०६७ मा स्थायी हुँदै उनी प्रधानन्यायाधीश बनेकी हुन् ।

कार्कीले लोकमानसिंह कार्कीको मुद्दा उल्टाएर अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुखबाट हटाएकी थिइन् । बहालवाला सूचना तथा सञ्चारमन्त्री जयप्रकाश गुप्तालाई पनि भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेकी थिइन् । भ्रष्टाचार मुद्दामा खरो उत्रिएकै कारण उनलाई तत्कालीन सत्ता गठबन्धनका सांसदहरूले महाभियोगको प्रस्ताव दर्ता गरेका थिए । यद्यपि उक्त प्रस्ताव असफल भयो ।

उनीविरुद्ध २०७४ वैशाख १७ गते नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र गठबन्धनको सरकारले महाभियोग दर्ता गरेको थियो । नेकपा एमालेलगायत प्रतिपक्षी दलहरूले महाभियोगको विरोध गरेसँगै संसद्मा यो विषयले प्रवेश पाउन सकेन । पाँच दिनपछि त्यतिबेला सर्वोच्च अदालतका न्यायाधीश रहेका चोलेन्द्रशमशेर राणाको इजलासले अन्तरिम आदेश जारी गरी गठबन्धन सरकारको प्रस्तावलाई निष्प्रभावी बनाएको थियो । त्यसपछि कार्की पुनः सर्वोच्च फर्किएकी थिइन् ।

⏭ क्रमशः पृष्ठ २ माख

### रेकर्डमाथि 'रेकर्ड'

सर्वोच्च अदालतको इतिहासमै पहिलो महिला प्रधानन्यायाधीश बनेकी थिइन् कार्की । उनले प्रधानन्यायाधीशका रूपमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ लिएकी थिइन् ।

निडर स्वभाव र सरल जीवनशैली अपनाउने उनी न्याय क्षेत्रमा स्वच्छ छविका रूपमा परिचित छन् । २०७२ को संविधान जारी भएयता कार्कीसँगै तीन महिला उच्च पदमा पुग्न सफल भएका छन् । प्रधानन्यायाधीश र प्रधानमन्त्रीमा भने कार्की एक्लैले यो रेकर्ड राख्न सफल भइन् । राष्ट्रपतिमा भण्डारी, सभामुखमा ओनसरी घर्तीलाई पहिलो बन्ने अवसर मिलेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

### कहिले के भयो ?

**भदौ १९** - केपी शर्मा ओली नेतृत्वको सरकारबाट फेसबुक, ह्वाट्सएप, युट्युबलगायत २६ सामाजिक सञ्जाल बन्दको निर्णय

**भदौ २२** - सामाजिक सञ्जाल बन्दविरुद्ध देशभर जेन-जीको प्रदर्शन । १९ भन्दा बढी युवाहरूको मृत्यु

**भदौ २३** - देशभरका प्रशासनिक केन्द्रमा आक्रमण र तोडफोड

**भदौ २४** - केपी शर्मा ओलीद्वारा प्रधानमन्त्रीबाट राजीनामा, राष्ट्रपति पौडेलद्वारा जेन-जी समूहलाई वार्तामा आउन आह्वान

**भदौ २५** - जेन-जी समूहद्वारा अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीलाई बनाउने सहमति, नेपाली सेनाको मुख्यालयमा वार्ता

**भदौ २६** - जेन-जी समूहसँग वार्ता

**भदौ २७** - राष्ट्रपति पौडेलद्वारा जेन-जीको मागअनुसार कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त



शुक्रबार राष्ट्रपति कार्यालय शितलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथग्रहण गर्दै नवनियुक्त प्रधानमन्त्री सुशीला कार्की ।
*तस्बिरः राष्ट्रपति कार्यालय*

## शपथ ग्रहणमा जे देखियो

**काठमाडौं (प्रस)–** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको शपथग्रहणमा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली देखिएनन् । विशेषगरी नयाँ प्रधानमन्त्रीले शपथ लिँदा निवर्तमान प्रधानमन्त्री सँगै हुन्छन् । जेन-जीको आन्दोलनमा सरकार निर्मम ढंगले प्रस्तुत भएपछिको अप्रिय परिणामका कारण ओलीले यही भदौ २४ गते राजीनामा दिएका थिए ।

ओली अहिले कुन ठाउँमा छन् भनी कुनै सूचना सार्वजनिक गरिएको छैन । कार्कीको शपथमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई उपस्थित थिए । तर पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाललगायत देखिएनन् । कांग्रेस सभापतिसमेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा जेन-जीको आक्रमणमा परी घाइते छन् । पूर्वप्रधानमन्त्रीहरू अहिले नेपाली सेनाको सुरक्षामा रहेको बताइन्छ ।

शपथग्रहणमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, कूटनीतिक नियोगका प्रमुख, राजदूतहरू उपस्थित थिए । त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की नेतृ सुमना श्रेष्ठ पनि शपथ समारोहमा पुगेकी थिइन् । शपथ समारोहमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल पनि देखिएनन् । शपथग्रहणमा मुख्यसचिव एकनारायण अर्यालसहित सचिवहरू भने पुगेका थिए ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### जेन-जी आन्दोलनमा क्षतिग्रस्त वैदेशिक रोजगार विभाग

## आइतबारबाट कार्यालयबाटै काम थाल्ने तयारी

■ **ममता थापा**

**काठमाडौं–** जेन-जीको आन्दोलनका क्रममा आगजनी भएको ताहाचलस्थित वैदेशिक रोजगार विभागले आइतबारबाट कार्यालयमै उपस्थित भएर सेवा प्रवाह थाल्ने तयारी गरेको छ । मंगलबार भएको आगजनीबाट विभागको तल्लो भवन 'ए ब्लक' काम गर्ने नमिल्नेगरी क्षतिग्रस्त भएको छ ।

परिवर्तित घटनाक्रमसँगै शुक्रबार साँझ पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ । यससँगै आइतबारबाट कार्यालयबाट काम थाल्ने विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले बताए । 'आइतबारबाट कार्यालयमै उपस्थित भएर काम गर्ने तयारीमा छौं,' उनले भने ।

विभागको तल्लो ब्लकमा रहेका सबै टहराहरू जलेर बस्न नसक्ने अवस्थामा रहेको उनले बताए । माथिल्लोपट्टि रहेको श्रम स्वीकृति दिने 'बी' ब्लक र मुद्दा हेर्ने 'सी' ब्लकमा भने कुनै क्षति भएको छैन । तत्कालका लागि एउटै कोठामा दुई-तीन वटा शाखा समायोजन गरेर काम अघि बढाइने महानिर्देशक भट्टराईले बताए ।

वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)को 'ब्याकअप' अन्यत्र पनि भएकाले अनलाइन प्रणालीलाई





भने त्यति असर नगरेको उनको भनाइ छ । आगलागी भएका कारण तातोले अलिअलि असर गरे पनि श्रम स्वीकृतिमा भने कुनै समस्या नभएको महानिर्देशक भट्टराईले बताए । 'इन्टरनेट अवरुद्ध भएकाले विभागको बेवसाइटमा समस्या भएको छ,' उनले बताए ।

विभागले बुधबारबाट अनलाइनमार्फत श्रम स्वीकृति दिँदै आएको छ । यस अवधिमा श्रम स्वीकृति लिनेहरूको संख्या भने न्यून देखिएको छ । 'बुधबार ५०-६० जनाको हाराहारीमा लिए । बिहीबार दुई-तीन सयको हाराहारीमा लिए । आइतबार, सोमबारबाट अलि चाप बढ्ला,' उनले भने ।

विभागको तल्लो ब्लकमा प्रशासन, राहत तथा उद्धार, लेखा, अनुगमन, प्रहरीलगायतका शाखा थिए । तल्लो ब्लकमा सबै जलेकाले धेरै कागजातहरू नष्ट भएको विभागका सूचना अधिकारी टीकाराम ढकालले बताए ।

'फाइलहरू जले । अलिअलि बिल भर्पाइहरू जले । लेखाको पनि धेरै जलेको छ । मुख्यचाहिँ म्यानपावरको धरौटी खाता जल्यो । अरु त कतै न कतै अनलाइनमा छन्,' ढकालले भने, 'के गर्ने भन्ने थाहा छैन । हाम्रो कारणले पनि होइन, त्यस्तै भवितव्य आयो । अब केही निर्णय गर्ला सरकारले ।'

विभागले केही अघिमात्र मुद्दा तथा अनुसन्धान शाखा माथिल्लो ब्लकमा सारेको थियो । यसर्थ धेरैजसो मुद्दाका फाइलहरू सुरक्षित रहेको उनले बताए । 'मुद्दाका धेरैजसो फाइल माथि लगेका थियौं । केही तल्लो बिल्डिङमा थियो । केही चाहिँ जल्यो । १० हजारजति मुद्दा फर्स्योट हुन बाँकी छ । १० वर्ष अगाडि देखिका फाइल माथि लगिसकिएको छ । केही फाइल तल छुटेका थिए होलान्, ती चाहिँ नष्ट भए,' ढकालले भने ।

हाल श्रम स्वीकृतिबाहेक फोनबाट केही उजुरीहरू आइरहेकाले त्यसलाई पनि मौखिकरूपमा सम्बोधन भइरहेको उनले बताए । उनकाअनुसार व्यक्तिहरू अलपत्र परेको, एयरपोर्टमा श्रम स्वीकृति नदेखाएको, म्यानपावरले भारतबाट लग्न थालेको जस्ता केही गुनासाहरू आइरहेको सूचना अधिकारी ढकालको भनाइ छ । विभागले फोनबाटै एयरपोर्टमा समन्वय गरेको, व्यवसायीलाई सम्पर्क गर्नेलगायतको काम गरिरहेको उनले बताए ।

त्यस्तै, कालीमाटीमा रहेका वैदेशिक रोजगारीका मुद्दासँग सम्बन्धित थुनुवाहरू आन्दोलनका दिन भागेकाले प्रहरीसँग समन्वय गर्ने काम भइरहेको विभागले जानकारी दिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## 'भग्नावशेष' बनेको सिंहदरबार पुग्दा कुँडिए कर्मचारीको मन



■ **प्रभाव संवाददाता**

आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीका कारण प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा राष्ट्रिय सतर्कता केन्द्रमा बढी क्षति भएको छ ।

**काठमाडौं–** सधैँभरि भिडभाड देखिने सिंहदरबार परिसर शुक्रबार कार्यालय सञ्चालन हुने दिन भए पनि सुनसान देखियो । शुक्रबार भएकाले अपराह्न ३ बजे कर्मचारीको छुट्ने समयमा तीनवटै प्रवेशद्वारमा सवारी चाप हुने गरेकामा त्यो देखिएन ।

जेनजी प्रदर्शनबाट तोडफोड र आगजनी भएका विभिन्न मन्त्रालयका परिसरमा सवारीसाधन 'भग्नावशेष' का रूपमा रहेका छन् । आफूले काम गर्दै आएको मन्त्रालय तथा कार्यालय आगजनीबाट ध्वस्त भएपछि कर्मचारीमा त्रास र निराशाको अवस्था देखिन्थ्यो । राष्ट्रका सम्पत्ति, जलेका मन्त्रालयका भवन र सवारीसाधनको भग्नावशेष देखेर आफूहरूको मन कुँडिएको कर्मचारीको दुखेसो थियो ।

आगजनीबाट धेरै मन्त्रालयका सवारीसाधन नष्ट भएपछि माथिल्लो तहका कर्मचारीसमेत मोटरसाइकल र स्कुटरमा कार्यालय पुगेका थिए । शिक्षा मन्त्रालयको भुँइतलामा रहेको राष्ट्रिय सतर्कता केन्द्रको आधा भाग जलेर नष्ट भएकाले भित्र प्रवेश गरी क्षतिको वास्तविक आँकडा यकीन गर्न कठिन भएको प्रवक्ता नारायणप्रसाद भट्टले बताए ।

मूल प्रशासनिक केन्द्रका रूपमा रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आगजनीका कारण क्षति भएपछि गृह मन्त्रालयको नवनिर्मित भवनमा सार्ने तयारी गरिएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# मानव बेचबिखनको नयाँ शैलीले रोकथाममा चुनौती

■ भेषराज बस्नेत



**राँझा (बाँके)**– सूचना प्रविधिको विकाससँगै प्रयोग भएका नयाँ शैलीले मानव बेचबिखनविरुद्धको अभियानमा चुनौती थपिएको छ । 'सामाजिक सञ्जाल फेसबुक, टिकटक र इमो'मा एकअर्कालाई साथी बनाएर कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरू देखापर्न थालेका छन् ।

बेचबिखनमा टिकटकको प्रयोग चुनौतीपूर्ण देखिएको मानव बेचबिखन तथा ओसारपसारविरुद्ध क्रियाशील संस्था माइती नेपाल नेपालगञ्जका संयोजक केशव कोइराला बताउँछन् । 'कुनै समय गाउँ-गाउँमा गएर अशिक्षित महिला अथवा किशोरीहरूलाई फकाएर बेचबिखनका लागि भारत तथा तेस्रो मुलुक लैजाने गरिएका घटनाहरू निकै सुनिन्थे । अहिले त्यसको स्वरूपमा परिवर्तन आएको छ, शैली फेरिएको छ, जोखिम बढेको छ,' कोइरालाले भने, 'मानव बेचबिखन पहिलेको भन्दा नयाँ स्वरूपमा विकसित भइरहेको छ । मानव बेचबिखन हुने संख्यामात्रै नभई शैली पनि बढ्न थालेका छन् ।'

केही वर्षअघिसम्म गाउँका अशिक्षित महिलाहरू मात्रै बेचबिखनका जोखिममा पर्ने गरेका भए पनि पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालको प्रयोग बढेसँगै सहरकै शिक्षित महिला पनि बेचबिखनको जोखिममा पर्न थालेको कोइरालाको भनाइ छ । मानव बेचबिखन र ओसार पसारमा पछिल्लो समय लोकप्रिय भइरहेको सामाजिक सञ्जाल 'टिकटक'को दुरूपयोग तीव्ररूपमा बढिरहेको छ ।

विशेषगरी किशोरावस्थाका युवतीहरू टिकटकका माध्यमबाट अपरिचित व्यक्तिको सम्पर्कमा पुगी बेचबिखनको जोखिममा परेका छन् । 'आजभोलि अधिकांश महिला र युवायुवती मोबाइलमा नै व्यस्त देखिन्छन् । प्रविधिले धेरै कामलाई निकै सहज बनाए पनि यसको दुरूपयोगले नेपाली महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा पर्दै आएका छन्,' संयोजक कोइरालाले भने, 'प्रविधिका कारण हिजोआज मानव बेचबिखनमा बिचौलियाको भूमिका कम हुँदै गएको छ । महिला सिधै दलालको पोल्टोमा पर्न थालेका छन् ।'

चेलीबेटी बेचबिखनविरुद्ध सरकारी र गैरसरकारी निकाय सक्रिय भएसँगै दलालले आफ्नो शैली पनि फेरेका छन् । विगतमा भौतिक उपस्थितिमा नै ललाइफकाइ महिला बेच्ने गिरोह अहिले मोबाइल फोनबाटै महिलालाई लोभ्याएर विदेश पुऱ्याउने गरेको माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला बताउँछन् ।

दलालले फोनमा देखाएको प्रलोभनले ग्रामीण सोझा, अशिक्षित महिलामात्रै नभई सचेत महिला पनि फस्ने गरेका छन् । ग्रामीण क्षेत्रका अधिकांश महिलाले 'फेसबुक'भन्दा 'इमो' बढी चलाउने गरेका छन् । 'फेसबुक र म्यासेन्जरभन्दा इमोमार्फत कुराकानी गर्न सहज हुन्छ, जोखिममा रहेर उद्धार गरिएका धेरै महिलाले इमोमार्फत सम्पर्क भएको बताउने गरेका छन्,' कोइरालाले भने, 'दलालले इमोमार्फत महिलालाई ललाइफकाइ गर्ने शैली अपनाएपछि यसको रोकथाममा पनि चुनौती थपिएको छ ।'

मोबाइल फोन, फेसबुक, म्यासेञ्जर, इमोलगायत कारण मानव तस्करलाई नयाँ व्यक्तिसँग चिनजान र सम्पर्क बढाउन सहज बनाइदिएको छ । यसले मानव बेचबिखन तथा ओसार पसारलाई अझै बढी सहज बनाउँदै भनेको समय र स्थानमा बोलाएर भेट्न सजिलो भएको छ । छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागिर लगाइदिने, प्रेम तथा विवाह गर्ने बहानामा युवतीलाई सीमा कटाउने क्रम बढेकाले पनि मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणमा चुनौती रहेको छ ।

माइती नेपाल नेपालगञ्जका संयोजक कोइराला अहिले मोबाइल फोन, फेसबुक मानव बेचबिखन तथा ओसार पसारको गतिलो माध्यमका रूपमा प्रयोग भएको बताउँछन् ।

## सामाजिक सञ्जालबाट सम्बन्ध विस्तार

पछिल्लो समय धेरै प्रयोगमा आएको सामाजिक सञ्जाल फेसबुक र टिकटकबाट सम्बन्ध विस्तार गरी महिलाहरू बेचबिखनको जोखिममा पर्ने गरेका छन् । टिकटकको माध्यमबाट चिनजान र कुराकानी भई घरबाट हिँडेका घटनामा जोखिम बढी पाइएको माइती नेपाल नेपालगञ्जका संयोजक कोइरालाले बताए । माइती नेपालले यसरी टिकटकको माध्यमबाट चिनजान भई सीमापार जान लागेका किशोरीलाई उद्धारसमेत गरेपछि टिकटक पनि बेचबिखनको माध्यम बनेको खुलेको हो ।

गत आर्थिक वर्षमामात्रै करिब दुई दर्जन महिला सामाजिक सञ्जालमा नै चिनजानको भरमा भारत जान लागेका महिलालाई सीमा नाकाबाट फर्काइएको माइती नेपाल नेपालगञ्जका संयोजक कोइरालाको भनाइ छ । 'सामाजिक सञ्जालमा एकअर्कालाई साथी बनाएर कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरू देखापर्न थालेका छन् । अझ अहिले बेचबिखनमा टिकटकको प्रयोग चुनौतीपूर्ण देखिन थालेको छ,' बेचबिखनमा आएको परिवर्तित शैलीबारे कोइरालाले भने, 'सामाजिक सञ्जालको दायरा फैलिएको छ । फेसबुक, ह्वाट्स एपपछि अहिले मानव बेचबिखनमा टिकटकको प्रयोग तीव्ररूपमा बढिरहेको छ । यसले अशिक्षित र गाउँका महिला मात्रै होइन शिक्षित र सहरिया महिलाहरू पनि जोखिममा छन् ।'

राम्रो लगाउनुपर्ने, मीठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा महिलाहरू जानाजान जोखिम मोल्न तयार हुने गरेको पाइएको उनको भनाइ छ । माइती नेपालले गत आर्थिक वर्ष २०८१/८२ मा भारत जान लागेका ५१२ महिला तथा बालबालिकालाई नेपाल-भारत सीमाक्षेत्र जमुनाह नाकाबाट उद्धार गरेको छ । उद्धार गरिएकालाई परामर्शपछि अभिभावकको जिम्मा लगाइएको माइती नेपाल नेपालगञ्जका प्रमुख कोइरालाले बताए । यो अवधिमा माइती नेपाल नेपालगञ्जले भारतबाट १४ जनाको उद्धार गरेको छ ।

गत आर्थिक वर्षमा माइती नेपालको नेपालगञ्जस्थित कार्यालयमा ८१७ खोजतलासको निवेदन परेको थियो । त्यसमध्ये ४३७ जना फेला परेका छन् । अझै ३८० जना बेपत्ता रहेका छन् । माइती नेपालले जोखिमपूर्ण यात्रामा रहेकालाई नाकामै रोकेर अभिभावकको जिम्मा लगाउने गर्दछ । विभिन्न दिवसहरूमा नाकामा जनचेतनामूलक पर्चा, पम्प्लेट बाँड्ने, सडक नाटक देखाउने, अन्तरदेशीय कार्यशाला गर्ने गरेको कोइरालाले जानकारी दिए । उनले खोजतलास तथा उद्धारका लागि धेरै निवेदन आउने र भारत तथा तेस्रो मुलुकबाट उद्धार गर्नुपर्ने हुँदा त्यहाँ सरकारी संयन्त्र नहुँदा उद्धारमा समस्या हुने गरेको बताए । भारतबाट त्यहाँको संघसंस्थाको सहयोग लिएर उद्धार गर्ने गरेको उनको भनाइ छ ।

## नयाँ शैलीले बढ्दो जोखिम

मानव बेचबिखन तथा ओसारपसारमा प्रयोग भएको नयाँ शैलीले रोकथाम अभियान चुनौतीपूर्ण बन्दै गएको मानव बेचबिखनविरुद्ध काम गरिरहेका संघसंस्थाका प्रतिनिधिको भनाइ छ । मानव दलालहरूले अपनाउने फरक-फरक शैलीले जोखिम बढ्दै गएको शान्ति पुनःस्थापनागृहका क्षेत्रीय संयोजक निर्मल सुवेदी बताउँछन् ।

'वैदेशिक रोजगारीका नाममा भनेर लैजाने तर प्रक्रिया नपुगेका कारण श्रमशोषण, यौनशोषण हुने काममा लगाउने गरेका धेरै घटनाहरू छन्,' उनले भने, 'सामाजिक सञ्जालमार्फत एकले अर्कालाई साथी बनाउने र ती साथीसँग कुरा गरेकै भरमा बेचिन पुग्नेजस्ता जोखिमहरू देखापर्न थालेका छन् ।'

उनका अनुसार विगतमा अशिक्षित र गाउँका महिलाहरू बेचबिखनमा पर्ने भए पनि अहिले भने शिक्षित र सहरी क्षेत्रकै महिलाहरू पनि विदेश जाने र धेरै कमाउने लोभमा बेचबिखनमा पर्ने घटनाहरू बढेका छन् । आफू जोखिममा पर्दै छु भन्ने थाहा भए पनि वैदेशिक रोजगारीमा जान चाहने शिक्षित महिलालाई जोगाउन झन् चुनौतीपूर्ण रहेको छ ।

## मानव बेचबिखनका घटना बढ्दो

मानव बेचबिखनका घटना प्रत्येक वर्ष बढ्दै गएका छन् । बढ्दो विलासिताप्रतिको आकर्षण, सञ्चार प्रविधिको दुरूपयोग र असुरक्षित बसाइँसराइका कारण मध्यमवर्गका व्यक्ति बेचबिखनमा पर्ने गरेको पाइएको छ । राम्रो लगाउनुपर्ने, मीठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा पनि महिला जानाजान जोखिम मोल्न तयार हुने गरेको शक्ति समूहकी क्षेत्रीय अधिकृत निर्मला पौडेलले बताइन् । उनले मानव बेचबिखनविरुद्ध कुनै एक व्यक्ति वा एक संस्थाले मात्र प्रयास गरेर नहुने भएकाले समाज र प्रहरी प्रशासनको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गरिन् ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक पातलीले मानव बेचबिखनमा पीडित तथा प्रभावितलाई न्यायका लागि आफूहरू संवेदनशील रहेको बताए । मानव बेचबिखनविरुद्ध क्रियाशील संघसंस्थासँगका समन्वयमा जिल्ला प्रहरी कार्यालय बाँकेले मानव बेचबिखनविरुद्ध छ थान मुद्दा दर्ता गरेको पातलीले जानकारी दिए ।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी पूर्णबहादुर खत्रीले बदलिँदो सामाजिक अवस्था र अरूको देखासिखीले पनि मानव बेचबिखनका घटना बढ्दै गएकाले सामाजिक संघसंस्था र स्थानीय सरकारले चेतनासँगसँगै आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । उनले पछिल्लो समय सूचना प्रविधिको विकाससँगै सामाजिक सञ्जालको दुरूपयोगले मानव बेचबिखनको जोखिम बढाएको बताउँदै यसलाई रोक्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिए । *रासस*

पृष्ठ १ बाट क्रमश:

## पहिलो महिला...

### कसरी मिल्यो कुरा ?

गत भदौ १९ गते बिहीबार सरकारले फेसबुक, ह्वाट्सएप, युटचुबलगायत २६ सामाजिक सञ्जाल बन्द गरिएसँगै युवा पुस्ता सरकारसँग आक्रोशित बनेका थिए । लगत्तै सोमबार जेन-जीले प्रदर्शन गऱ्यो । उक्त प्रदर्शनमा १९ जनाभन्दा बढी युवाको मृत्यु भएपछि भोलिपल्ट भदौ २४ गते प्रधानमन्त्री केपी शर्माले पदबाट राजीनामा दिए ।

त्यही दिन देशभर तोडफोड भयो । देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारदेखि राष्ट्रपतिनिवास तोडफोड भयो । यसपछि जेन-जी समूहले हामी नेपाल समूहका सुदन गुरुङलाई आफनो तर्फबाट वार्ताका लागि नेतृत्व चुनेसँगै कार्कीलाई अन्तरिम सरकारको प्रमुख बनाउने प्रस्ताव गरिएको थियो ।

राष्ट्रपति पौडेलले मंगलबार जेन-जी समूहलाई वार्ताका लागि आह्वान गरेसँगै उक्त समूहले २५ गते कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाउने निर्णय गरेको थियो । त्यसपछि बुधबार र बिहीबारको छलफलमा जेन-जी समूहले संसद् विघटनसहित कार्कीलाई प्रधानमन्त्री बनाउनुपर्ने माग राखेको थियो । राष्ट्रपति पौडेलले भने कार्कीलाई पहिले प्रधानमन्त्री नियुक्त गर्ने र मन्त्रिपरिषद्को पहिलो बैठकले चुनावको घोषणासहित संसद् विघटन गर्न प्रस्ताव गरेका थिए । तर, जेन-जी समूह र कार्की संसद् विघटन गर्नुपर्ने मागमा अडिग रहे । उक्त माग नछाडेपछि राष्ट्रपति पौडेलले संसद् विघटन गरी कार्कीलाई अन्तरिम सरकारकोप्रधानमन्त्रीबनाउनसहमति गरेका हुन् ।

■ ■ ■

## शपथ ग्रहणमा...

राष्ट्रपति रामचन्द्र पौडेलले बधाइ दिँदै देश सफल बनाउनका लागि काम गर्न आग्रह गरे । 'तपाईं सफल होस्, देश सफल होस्, जनता बचोस्,' राष्ट्रपति पौडेलले भने ।

त्यसपछि शपथ समारोहबाट बाहिरिएका पौडेलसँग पूर्वप्रधानमन्त्री भट्टराईले कानेखुसी गरेका थिए । शपथग्रहण समारोहमा बधाइ दिन हामी नेपाली समूहका युवा नेताहरू पनि पुगेका थिए । उनीहरूले नवनियुक्त प्रधानमन्त्री कार्की र उनका श्रीमान् दुर्गा सुवेदीलाई माला लगाएर बधाइ दिएका थिए ।

कार्की नेतृत्वको नवगठित चुनावी सरकारले आगामी छ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नुपर्ने छ ।

■ ■ ■

## रेकर्डमाथि...

सर्वोच्चबाट अवकाश पाएपछि उनले 'न्याय' आत्मकथा सार्वजनिक गरेकी थिइन् । कार्कीले आत्मकथामा कांग्रेसका तत्कालीन नेता एवं निवर्तमान गृहमन्त्री रमेश लेखक र माओवादी नेता वर्षमान पुनले प्रधानन्यायाधीश नियुक्तिका क्रममा निकै हस्तक्षेप गर्न खोजेको र दबाब दिएको आरोप लगाएकी छन् ।

हक्की स्वभावकी उनका पालामा सर्वोच्च अदालतमा पूर्वराजा ज्ञानेन्द्र शाहकी छोरी प्रेरणाको दाइजोसम्बन्धी जग्गा र सुडान घोटालाको भ्रष्टाचार मुद्दा चर्चित फैसलाहरू हुन् । उनी सम्मिलित सर्वोच्च अदालतको संवैधानिक इजलासले तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको सिंहदरबार प्रवेशको औचित्य पुष्टि हुन नसक्ने व्याख्या गरेको थियो । यही व्याख्याका आधारमा प्रधानन्यायाधीश भएको व्यक्ति प्रधानमन्त्री हुन नसक्ने व्याख्या उनले गरेकी थिइन् । यो प्रश्न अब उनी सिंहदरबार रहुञ्जेल उठिरहने छ । अवकाशपछि कार्कीले मुलुकको न्यायपालिकाको समस्या र विकृतिबारे खुलेर बोलेकी थिइन् ।

■ ■ ■

## भग्नावशेष...

त्यसका लागि कर्मचारीहरू बचेखुचेका कम्प्युटर, ल्यापटप, कागजातलगायत सामग्री सार्न व्यस्त देखिए । सिंहदरबारको पश्चिम खण्डको मूलभागमा चार दिनदेखि सल्किरहेको धुवाँको मुस्लो निस्किरहेको थियो भने आगो नियन्त्रणका लागि वारुणयन्त्रले पानीको फोहोरा हानिरहेको थियो । आगजनी गरिएका मन्त्रालयमा प्रवेश गर्न सुरक्षाका हिसाबले जोखिम देखिएपछि कर्मचारीहरू बाहिरै बसेर फर्किएका थिए ।

गृह मन्त्रालयका एक कर्मचारीले भने, 'निर्देशनानुसार मन्त्रालयमा उपस्थिति भइयो, पेटीमा बसेर हाजिर गरियो, मन्त्रालय ध्वस्त भएको छ, के कति क्षति भयो, यकीन हुन सकेको छैन ।' आगजनीबाट भएको क्षतिको पहिचान गर्ने, विवरण संकलन तथा तथ्यांक बुझ्ने काम भइरहेको छ ।

सिंहदरबार परिसरमा सञ्चारकर्मीको प्रवेशलाई सहज तुल्याइएपछि भग्नावशेषको तस्बिर लिन पुगेका फोटो पत्रकारको संख्या उल्लेख्य देखियो । सिंहदरबारभित्रका मन्त्रालय र सडकको सरसफाइ क्रमशः सुरु गरिएको छ भने तोडफोड भएका सामग्रीको व्यवस्थापन आरम्भ भएको छ ।

सिंहदरबार बाहिर रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पनि आगजनीबाट क्षतिग्रस्त भएको छ । देशको एकमात्रै फरक डिजाइनको उक्त भवनमा घटना भएको चौथो दिनसम्म पनि आगो निभेको छैन । स्वास्थ्य सचिव डा. विकास देवकोटाले भवन जलेर नष्ट भएकाले आफूहरूले 'भर्चुअल' माध्यमबाट काम प्रारम्भ गरेको बताए ।

आन्दोलनका क्रममा भएको तोडफोड र आगजनीका कारण प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह, ऊर्जा, जलस्रोत तथा सिँचाइ, अर्थ, शिक्षा विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा राष्ट्रिय सतर्कता केन्द्रमा बढी क्षति भएको छ ।

■ ■ ■

## आइतबारबाट...

विभागमा करोडौंको क्षति भएको अनुमान गरिएको छ । कार्यालयमा पुगेर काम सञ्चालन गर्ने तयारी भए पनि तल्लो भवनको सरसफाइलगातका काम अहिले नगर्ने जनाइएको छ । थप अनुसन्धानका लागि प्रमाणहरू आवश्यक पर्ने भएकाले त्यसलाई अहिले नचलाउने विभागको भनाइ छ ।


**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

पहिलो पटक प्रकाशित मिति: २०८२/०५/२८

यस कम्पनीको मिति २०८२/०५/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ज्वेलरी फर जेनेरेशन प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कनेक्ट लिड सोलुसन्स प्रा.लि. (प्रा.लि.नं. ३१५७१६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**युएइमा रोजगार** कम्पनी : LIGHT STONE INDUSTRIES L L C

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 331008 | चलानी नं. ६०२४४७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३८,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner General | 1 | 0 | 1000 | ३८,४४१ | | | | | | | |
| 3 | Stevedores | 1 | 0 | 1200 | ४६,१२९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9810124818, 9847364227,
Email: happynepalemployment@gmail.com, happynepal26@gmail.com, Web: www.happynepalemployment.com.np,
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८



**साउदीमा रोजगार** कम्पनी : ESTABLISHMENT SAYYARAH AL - MUHTARIFAYN FOR CARS SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330885 | चलानी नं. ६०२४४६९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Thermal Insulation Worker | 2 | 0 | 2200 | ८२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Advance Recruitment Service Pvt. Ltd.
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069
श्रम ईजाजत नं. ४४४/०६०/०६१



**साउदीमा रोजगार** कम्पनी : STRAWBERRY AND POMEGRANATE FOOD MARKETS

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330401 | चलानी नं. ६०२४४६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oridinary Labourer (Shelf Stacker) | 4 | 0 | 1100 | ४१,३०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Asia Manpower Pvt.ltd. गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75



**साउदीमा रोजगार** कम्पनी : ABDULLAH SAUD BIN MANEH FOR CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330878 | चलानी नं. ६०२४४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 6 | 0 | 1800 | ६७,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com
Govt. License 1149/073/074



**कुवेतमा रोजगारको अवसर** कम्पनी : QATARA UNITED FOR GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330844 | चलानी नं. ६०२४४६७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY DUTY DRIVER | 3 | 0 | 170 | ७८,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 100 | ४६,१२३ | | | | | | | |
| 3 | Gas Welder | 1 | 0 | 140 | ६४,५७२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np



**साउदीमा रोजगार** कम्पनी : NOTIONAL FACTORY FOR PROCESSING AND TREATING MINERALS

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 330964 | चलानी नं. ६०२४४७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loanding Unloanding Labor | 1 | 0 | 1000 | ३८,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | loanding and Unloanding worker/helper | 2 | 0 | 1000 | ३८,४४१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com
License No. : 646/063/064



**युएइमा रोजगार** कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 330903 | चलानी नं. ६०२४४६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 150 | 50 | 1000 | ३८,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303
श्रम ईजाजत नं. ५४२/०६१/०६२



**युएइमा रोजगार** कम्पनी : Karthiyayini Electromachanical Works LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 330921 | चलानी नं. ६०२४४७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 7 | 0 | 1000 | ३८,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason. | 6 | 0 | 1500 | ५७,६६१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Samakhusi-26, Kathmandu, Nepal, Contact: +977-1-5906456, 9840326085, 9818058497, 9843932579, 9705706879, 9808205235, 9845127720, 9804461405, 9745382449, 970-6732919
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com



**मलेसियामा रोजगार** कम्पनी : NAIM SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330933 | चलानी नं.६०२४४६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 20 | 0 | 1700 | ५७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ४ गते (20th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498
Govt. License 1463/074/075




गाजा पट्टीको दक्षिणी क्षेत्रतर्फ सर्दै गरेका प्यालेस्टिनीहरू आफ्ना सामानहरू लैजाँदै । *तस्विरः एएफपी*

# इजरायली आक्रमणपछि कतारसँग अरब–इस्लामिक ऐक्यबद्धता

## संयुक्त राष्ट्रसंघमा आपत्कालीन बैठक

**न्युयोर्क–** सेप्टेम्बर ९ मा दोहामा हमास वार्ता प्रतिनिधिमण्डल आवासलाई लक्षित गर्दै इजरायलले गरेको आक्रमणपछि अरब र इस्लामिक राष्ट्रहरूले कतारसँग पूर्ण ऐक्यबद्धता जनाएका छन् ।

आक्रमणमा मृत्यु र घाइते भएको घटनापछि बिहीबार बेलुकी संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपत्कालीन सत्र बसेको थियो । इजिप्टका प्रतिनिधि ओसामा अब्देल खालेकले गाजामा युद्धविराम र शान्ति कायम गर्न कतारले इजिप्ट तथा संयुक्त राज्य अमेरिकासँग गरेको समन्वय प्रयासको प्रशंसा गरे ।



उनले इजरायलको आक्रमणलाई 'प्यालेस्टिनी जनतामाथि भइरहेको नरसंहारको निरन्तरता' भन्दै बेवास्ता नगर्न चेतावनी दिए । सुरक्षा परिषद् दर्शकमात्र बन्न नहुने भन्दै उनले गाजामा आक्रमण रोक्न अध्याय ७ अन्तर्गत प्रस्ताव पारित गर्न आग्रह गरे ।

खाडी सहयोग परिषद् (जिसिसी)का तर्फबाट कुवेतका राजदूत तारिक अल बनाईले कतारको सार्वभौमिकता, सुरक्षा र स्थिरतामाथि भएको उल्लंघन अस्वीकार्य भएको बताए ।

उनले यस घटनाका लागि इजरायललाई पूर्णजिम्मेवार ठहर गर्दै खाडी राष्ट्रिय सुरक्षा 'रेड लाइन' भएको चेतावनी दिए । यस क्षेत्रमा अस्थिरता ल्याउने इजरायली नीति सामूहिक र कानुनी प्रतिवादमार्फत रोक्ने दृढतासमेत उनले प्रकट गरे ।

इस्लामिक सहयोग संगठन (ओआइसी) का तर्फबाट टर्कीका राजदूत अहमेत यिल्डिजले आक्रमणलाई 'राज्य आतंकवाद' र क्षेत्रलाई अस्थिर बनाउने योजनाबद्ध प्रयासको हिस्सा भने ।

कतारको सार्वभौमिकता र सुरक्षा उल्लंघनमा निर्णायक जवाफ दिने अधिकार र कर्तव्यमा ओआइसी एकताबद्ध रहेको उनले बताए । साथै, उनले सुरक्षा परिषद्लाई कतारविरुद्ध अन्यायपूर्ण सैन्य प्रयोग रोक्न र इजरायललाई जवाफदेही बनाउन आग्रह गरे । *रासस/क्युएनए*

# साउदी–सिरिया समझदारी: ऊर्जा र आर्थिक विकासमा नयाँ अध्याय

**दमास्कस–** सिरिया र साउदी अरेबियाबीच भएको समझदारीअनुसार साउदी अरेबियाले सिरियालाई १६ लाख ५० हजार ब्यारेल कच्चा तेल अनुदानस्वरूप उपलब्ध गराउने सिरियाली सरकारी समाचार संस्था सानाले जानकारी दिएको छ ।

बिहीबार दमास्कसमा दुई देशका ऊर्जा तथा विकास निकायहरूबीच भएको सहमतिअनुसार यो अनुदान साउदी विकास कोषमार्फत प्रदान गरिने छ । सम्झौतामा साउदी विकास कोषका प्रमुख सुल्तान अब्दुर्रहमान अल-मारशद र सिरियाका ऊर्जा क्षेत्रका प्रमुख मोहम्मद अल-बशीरले हस्ताक्षर गरेका हुन् । यस अनुदान सहयोगको निर्देशन साउदी अरेबियाका राजा सलमान बिन अब्दुलअजिज अल साउद तथा युवराज मोहम्मद बिन सलमानबाट आएको जनाइएको छ ।




साउदी विकास कोषका अनुसार यो सहयोगले सिरियाका तेल शुद्धीकरण केन्द्रहरूको सञ्चालनमा सघाउने, वित्तीय तथा प्राविधिक स्थायित्वलाई प्रवर्द्धन गर्ने तथा देशको मुख्य आर्थिक क्षेत्रहरूलाई पुनर्जीवित गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ । कोषले यस कदमलाई सिरियाली जनताप्रतिको साउदी सद्भाव तथा दुई देशबीचको मजबुत सम्बन्धको अभिव्यक्तिको रूपमा चित्रण गरेको छ । सिरियाका लागि यो सहयोग ऊर्जा आपूर्तिको सुधार, औद्योगिक पुनर्निर्माण तथा जनताको जीवनस्तर उकास्नेतर्फको साउदी प्रतिबद्धताको प्रतीक मानिएको छ । *रासस/सिन्ह्वा*

# जापानमा शतायुको संख्या झण्डै एक लाख, ९० प्रतिशत महिला

**टोकियो–** जापानमा १०० वर्ष वा सोभन्दा बढी उमेर पुगेका व्यक्तिहरूको संख्या झण्डै एक लाखको ऐतिहासिक उचाइमा पुगेको छ । यो संख्याको करिब ९० प्रतिशत महिला रहेको स्वास्थ्य मन्त्रालयले शुक्रबार प्रकाशित तथ्यांकले देखाएको छ ।

यो तथ्यांकले विश्वको चौथो ठूलो अर्थतन्त्र जापानमा तीव्र बुढ्यौली र घट्दो जनसंख्याले उत्पन्न गरेको गम्भीर जनसांख्यिकीय संकटलाई झल्काएको छ । सेप्टेम्बर १ सम्म देशमा ९९ हजार ७६३ जना शतायु मानिस रहेका छन् । तीमध्ये चार हजार ६४४ जनाको उमेर १०५ वर्षभन्दा माथि छ, जसमा महिलाको हिस्सा ८८ प्रतिशत छ ।

जापानकी सबैभन्दा वृद्ध व्यक्ति नारा क्षेत्रमा बस्ने ११४ वर्षीया शिगेको कागावा छिन् । उनी ८० वर्षसम्म प्रसूति-स्त्रीरोग विशेषज्ञ र सामान्य चिकित्सकका रूपमा सक्रिय थिइन् । 'घर-घरमा कल गर्ने क्रममा धेरै हिँड्ने गरेँ, जसले मेरा खुट्टा बलिया बनायो । यही मेरो जीवनशक्तिको आधार हो,' कागावाले मन्त्रालयमार्फत भनिन् । उनी अझै टिभी हेर्ने, पत्रिका पढ्ने र सुलेखन अभ्यास गर्ने गर्छिन् ।


विश्वकै सबैभन्दा वृद्ध व्यक्ति भने बेलायती महिला एथेल क्याटरहम हुन् । उनी अगस्टमा ११६ वर्षकी भइन् । केही महिनाअघि ब्राजिलकी नन इना क्यानाबारो लुकासको निधनपछि उनलाई यो उपाधि दिइएको हो । जापानमा वृद्ध जनसंख्या बढ्दै जाँदा स्वास्थ्य सेवा र सामाजिक सुरक्षामाथि दबाब बढेको छ भने संकुचित श्रमशक्तिले त्यसलाई धान्न गाह्रो बनाएको छ । आधिकारिक तथ्यांकअनुसार सन् २०२४ मा मात्र जापानी नागरिकहरूको संख्या नौ लाखभन्दा बढीले घटेको थियो ।

प्रधानमन्त्री शिगेरु इशिबाले यसलाई 'शान्त आपत्काल' भन्दै जनसंख्या ह्रास उल्टाउन लचिलो कार्यसमय र निःशुल्क डे केयर-लागू गर्नेजस्ता परिवारमैत्री नीतिहरूको वाचा गरेका छन् । तर, अहिलेसम्म ती प्रयासहरूले उल्लेखनीय परिणाम दिन सकेका छैनन् । *रासस/एएफपी*

# ट्रम्पको दबाबले हामीलाई असर पार्दैन : नोबेल समिति

**ओस्लो–** आगामी नोबेल शान्ति पुरस्कार घोषणाअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाब र अभियानबारे बढ्दो चर्चा भए पनि नर्वेली नोबेल समितिले आफ्नो स्वतन्त्रतामा कुनै असर नपर्ने स्पष्ट पारेको छ ।

जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्पले यो प्रतिष्ठित सम्मान प्राप्त गर्ने इच्छा खुलेर व्यक्त गरेका छन् । ७९ वर्षीय अर्बपति ट्रम्पले गाजा र युक्रेनमा शान्ति ल्याउने प्रयास गरेको दाबी गर्दै आफू 'पुरस्कारको योग्य' भएको बताएका छन् । उनले बारम्बार सन् २००९ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाले अप्रत्याशितरूपमा पुरस्कार पाएको उदाहरण पनि दोहोर्‍याएका छन् ।




'विशेष उम्मेदवारहरूप्रति मिडियाले धेरै ध्यान दिएको देखिन्छ, तर यसले समितिको छलफललाई प्रभावित गर्दैन,' समितिका सचिव क्रिस्टियन बर्ग हार्पभिकेनले एएफपीलाई भने, 'समितिले प्रत्येक नामांकनलाई आफ्नै योग्यताका आधारमा विचार गर्छ ।'

यस वर्षको विजेता अक्टोबर १० मा घोषणा गरिने छ । समितिलाई हजारौं योग्य व्यक्तिद्वारा ३३८ उम्मेदवार र संस्थाको लामो सूची पेस गरिएको छ । सूची ५० वर्षसम्म गोप्य रहने प्रावधान छ । ट्रम्पले आफूलाई विदेशी नेताहरूले मनोनीत गरेको दाबी गरेका छन्, तर जनवरी ३१ सम्म नामांकन पेस गर्नुपर्ने भएकाले ती मनोनयन यस वर्षका लागि वैध नभएका हुन सक्छन् ।

'समितिले यसबारे कुनै टिप्पणी नगरे पनि नामांकन हुनुमात्र ठूलो उपलब्धि होइन, विजेता बन्नु नै असली उपलब्धि हो,' हार्पभिकेनले भने ।

समितिले अघिल्ला वर्षहरूमा पनि अन्तर्राष्ट्रिय दबाब नमान्ने देखाएको छ । सन् २०१० मा चिनियाँ असन्तुष्ट लिउ सियाओबोलाई पुरस्कार दिँदा नर्वे-चीन सम्बन्धमा गहिरो तनाव आएको उदाहरण समितिले स्मरण गराएको छ । नर्वे बहुपक्षवादमा दृढ रहेको भए पनि ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिले उल्टो सन्देश दिएको भन्दै विज्ञहरूले उनको सम्भावना न्यून देखेका छन् ।

नर्वेजियन इन्स्टिच्युट अफ इन्टर नेसनल अफेयर्सका अनुसन्धान निर्देशक हलवार्ड लिराले भने, 'यस्तो दबाब प्रायः प्रत्युत्पादक हुन्छ । यदि समितिले अब ट्रम्पलाई पुरस्कार दियो भने, स्वतन्त्रता गुमाएको आरोप लाग्ने छ ।' अगस्टमा तीन नोबेल इतिहासकारले पनि ट्रम्प योग्य नभएको ठहर गर्दै उनको पुटिनप्रतिको प्रशंसा र युक्रेन युद्धबारेको अडानलाई प्रमुख कारणको रूपमा औंल्याएका थिए । उनीहरूले लेखेका थिए, 'नोबेल समितिले ट्रम्पलाई पुरस्कार दिन भने आफ्नो दिमाग गुमाउनुपर्ने हुन्छ ।' *रासस/एएफपी*

ओपेक प्रतिवेदन

# आगामी दुई वर्षमा तेलको माग दैनिक १३–१४ लाख ब्यारेलले बढ्ने

**भियना–** पेट्रोलियम निर्यात गर्ने देशहरूको संगठन (ओपेक) ले विश्वव्यापी तेल माग वृद्धिको पूर्वानुमान सन् २०२५ र २०२६ का लागि यथावत् राख्ने निर्णय गरेको ओपेकले बिहीबार आफ्नो मासिक तेल बजार प्रतिवेदनमार्फत सार्वजनिक गरेको हो ।




प्रतिवेदनअनुसार सन् २०२५ मा तेलको माग वार्षिकरूपमा दैनिक लगभग १३ लाख ब्यारेलले वृद्धि हुने तथा सन् २०२६ मा दैनिक लगभग १४ लाख ब्यारेलले बढ्ने अनुमान छ, जुन गत महिनाको पूर्वानुमानसँग मेल खान्छ । आर्थिक सहयोग तथा विकास संगठन (ओइसिडी) भित्र तेलको माग वार्षिकरूपमा दैनिक करिब एक लाख ब्यारेलले वृद्धि हुने अपेक्षा गरिएको छ भने ओइसिडीबाहिरको क्षेत्रको माग मुख्यरूपमा अन्य एसियाली देशहरू चीन र भारतको कारणले दैनिक लगभग १२ लाख ब्यारेलले बढ्ने देखिन्छ । अन्य क्षेत्रहरूमा पनि स्थिर वृद्धि हुने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सन् २०२५ को पहिलो आधा वर्षमा आर्थिक गतिविधिमा देखिएको मजबुत गतिलाई मध्यनजर गर्दै, ओपेकले सन् २०२५ का लागि विश्वव्यापी आर्थिक वृद्धिको दर तीन प्रतिशत र सन् २०२६ का लागि ३.१ प्रतिशत कायम राखेको छ । *रासस/सिन्ह्वा*

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१५८०० | प्रति तोला – ० | प्रति तोला – २५६५ |



**भित्रियो ग्यास बुलेट**

भारतबाट ग्यास बोकेर आएका बुलेट शुक्रबार रूपन्देहीस्थित बेलहिया नाका हुँदै नेपाल भित्रिँदै । जेनजी आन्दोलनपछि भन्सार अवरुद्ध रहकोमा शुक्रबारदेखि भैरहवा भन्सार कार्यालयले अत्यावश्यक समान बोकेका मालवाहक सवारीहरू जाँचपास गरिरहेको छ । *तस्बिर : राधेश्याम विश्वकर्मा/रासस*

# ‘निजी क्षेत्रमा आशा जगाउँदै कोर्स करेक्सन गर्ने अवसर’

■ प्रभाव संवाददाता

**काठमाडौं –** अर्थतन्त्रका जानकारहरूले जेनजी प्रदर्शनका कारण मुलुकले भौतिक रूपमा उल्लेखनीय क्षति ब्यहोरे पनि अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रमा आशा जगाउँदै ‘कोर्स करेक्सन’को अवसर प्रदान गरेको बताएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले शुक्रबार आयोजना गरेको ‘वर्तमान अवस्थामा अर्थतन्त्रका चुनौती र अबको बाटो’ विषयक भर्चुअल अन्तरक्रियामा उनीहरूले जेनजीको प्रदर्शन बेथिती, कुशासन र भ्रष्टाचारविरुद्ध भएकाले यो समयलाई कोर्स करेक्सनको रूपमा सदुपयोग गर्नुपर्नेमा जोड दिए ।

नेपाल सरकारका पूर्वअर्थसचिव रामेश्वर खनालले भ्रष्टाचारका विरुद्ध मुलुकभरबाट मानिसहरू एकसाथ जाग्नुलाई सकारात्मक रूपमा लिनुपर्नेमा जोड दिए । ‘नयाँ पुस्ताको नेतृत्वमा मुलुकभरबाट भ्रष्टाचारका विरुद्ध मानिसहरू एकसाथ जाग्नु हाम्रा लागि उपलब्धि हो, संविधान संशोधनलगायतका विषय पछि जोडिएका हुन्’, उनले भने, ‘अब यो अवसरलाई सदुपयोग गर्दै सरकारले पुनःनिर्माण, नयाँ लगानीको अवसर सृजना र लगानीकर्ताको आत्मविश्वास बढाउनुपर्ने विषयलाई प्राथमिकता दिनुपर्छ ।’

उनले अहिलेको समस्या प्राकृतिक र महामारी विपत्ती नभई आन्तरिक रूपमा मानव सृजित समस्या भएकाले दातृ निकायबाट सहयोग प्राप्त हुने अवस्था सहज नभएको बताए । ‘यसप्रकारको अवस्था २०३६ साल र माओवादीको द्वन्द्वको समयमा पनि देखिएको थियो, तत्कालीन समयमा भौतिक संरचनामा ठूलो क्षति पुगेको थियो, सडक, पुलमा ठूलो क्षति हुनुका साथै सञ्चार सेवा नै अवरुद्ध भएको अवस्था थियो’, उनले भने, ‘तर अहिले त्यो अवस्था छैन, त्यसैले हामीलाई फेरि उठ्नका लागि ठूलो समस्या हुन्छ भन्ने लाग्दैन ।’

पूर्वसचिव खनालले अन्य मुलुकको तुलनामा नेपाल छिटो ‘रिकभर’ गर्ने मुलुक भएकाले उल्लेख गर्दै प्रदर्शनको तेस्रो दिनमै स्थिरतातर्फ उन्मुख हुनु मुलुकका लागि सकारात्मक पक्ष भएको बताए । उनले यस प्रदर्शनले भ्रष्टाचार र कुशासन हटाउँदै शासकहरूलाई सच्चिनका लागि पनि सन्देश दिएको प्रतिक्रिया दिए ।



▸▸ जेनजीले जुन विषय उठाएर प्रदर्शन गरे र त्यसले जुन रूप लियो, यसबाट हामीलाई भ्रष्टाचारमा शून्य सहनशिलता अपनाउन र आसेपासे पुँजीवादको जालो भत्काउन सहयोग गरेको छ । -रामेश्वर खनाल



▸▸ जेनजी प्रदर्शनले ‘क्रोनी क्यापिटालिजम’ लाई भत्काउने प्रयास गरेको छ, नयाँ पुस्ताले सुशासनयुक्त समाज निर्माणका लागि सन्देश पनि दिएको छ । -डा. समर खतिवडा

‘जेनजीले जुन विषय उठाएर प्रदर्शन गरे र त्यसले जुन रूप लियो, यसबाट हामीलाई भ्रष्टाचारमा शून्य सहनशिलता अपनाउन र आसेपासे पुँजीवादको जालो भत्काउन सहयोग गरेको छ’, खनालले भने, ‘आगामी दिनमा मुलुकमा देखिएको व्याप्त भ्रष्टाचार हटाउन सहयोग पुग्छ भन्नेमा मलाई विश्वास छ ।’

खनालले यस प्रदर्शनले अर्थतन्त्रमा ठूलो योगदान दिएका क्षेत्रहरू रेमिट्यान्स, कृषि र पर्यटनमा ठूलो समस्या नपारेकाले रिकभर हुन पनि धेरै समय नलाग्ने बताए । तर यसका लागि सञ्चारमाध्यमले सूचना दिँदा सत्यतथ्य र संयमित हुन भने जरुरी रहेको उनको भनाइ छ । ‘सञ्चारमाध्यम पनि संयमित हुन जरुरी छ, हिलटन होटल प्रकरण जस्ता दोहोरिन दिनुहुन्न, राजनीतिक प्रतिशोषका कारण भाटभटेनीमा ठूलो आक्रमण भएको छ’, उनले भने, ‘बलियो अर्थतन्त्र र समाज निर्माणमा सञ्चारमाध्यमको पनि ठूलो भूमिका हुन्छ ।’ उनले अर्थतन्त्रको गतिशिलताका लागि सूचना महत्वपूर्ण औजार भएको पनि बताए । खनालले बलियो अर्थतन्त्र निर्माणका लागि समावेशिता, समान वित्तीय पहुँच र समानता कायम गर्न सक्नुपर्नेमा जोड दिए ।

त्यस अवसरमा अर्थशास्त्री डा. समर खतिवडाले जेनजी प्रदर्शनले नेपाललाई कोर्स करेक्सनको अवसर दिएको टिप्पणी गरे । ‘जेनजी प्रदर्शनले ‘क्रोनी क्यापिटालिजम’लाई भत्काउने प्रयास गरेको छ, नयाँ पुस्ताले सुशासनयुक्त समाज निर्माणका लागि सन्देश पनि दिएको छ’, उनले भने, ‘यो फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)को ग्रे लिस्टबाट नेपाललाई निकाल्नका लागि प्राप्त भएको अवसर पनि हो ।’

खतिवडाले एकाध पर्यटकीय पूर्वाधारमा क्षति पुगे पनि पर्यटन क्षेत्र अझै सम्भावना भएको क्षेत्र भएको बताए । उनले भने, ‘अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र पर्यटनमा ठूलो सम्भावना छ, यद्यपि विदेशी पर्यटकको प्रवेश विन्दु त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलमा समस्याका कारण केही पर्यटक निरुत्साहित हुन्छन् कि भन्ने भय भने विद्यमान छ, सरकारले अन्तर्राष्ट्रिय जगतमा सकारात्मक प्रचारप्रसार गर्न आवश्यक छ ।’ उनले अबको अर्थतन्त्रमा खुला, पारदर्शी, स्वतन्त्र नीति अपनाउनुपर्नेमा जोड दिए ।

उनले जेनजीको प्रदर्शनले प्रत्यक्ष विदेशी लगानीमा ठूलो असर नपर्ने बताए । ‘हामीले ल्याइरहेको विदेशी लगानी कुल ग्राहस्थ्य उत्पादनको ०.३ प्रतिशत मात्रै हो, त्यो आफैमा सानो आकार भएकाले ठूलो चिन्ता लिनुपर्ने अवस्था छैन, बरु अब यसलाई बढाएर कसरी तीन प्रतिशत बनाउन सकिन्छ भन्ने विषयमा काम गर्न सकिन्छ’, उनले भने ।

# नवनिर्माण र पुनर्निर्माणमा जुट्न निजी क्षेत्रको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** ‘जेनजी’ आन्दोलनका क्रममा देशभर भएको जनधनको क्षतिप्रति निजी क्षेत्रका छाता संस्थाहरूले दुःख व्यक्त गर्दै तत्काल नवनिर्माण र पुनःनिर्माणमा जुट्न सार्वजनिक अपिल गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघले एक विज्ञप्ति जारी गर्दै आन्दोलनका क्रममा भएका आगजनी तथा तोडफोडबाट अपूरणीय क्षति भएकामा दुःख व्यक्त गरेको छ । महासंघले निर्वाध पेसा-व्यवसाय सञ्चालनका लागि आवश्यक सुरक्षा माग गर्दै निजी क्षेत्रले बजारमा उपयोग्य वस्तुको अभाव हुन नदिन व्यवसायीलाई आग्रहसमेत गरेको छ ।

‘उद्योग, प्रतिष्ठान, कार्यालय एवं निवासमा समेत तोडफोड एवं आगजनीका घटना भएका छन् । यसरी व्यक्तिगत एवं व्यावसायिक सम्पत्तिमाथि भएका तोडफोडका घटनाको महासंघ भर्त्सना गर्दछ । साथै महासंघ व्यावसायिक एवं व्यक्तिगत सम्पत्तिमाथि आगामी दिनमा आक्रमण नहुने सुनिश्चितताका लागि सबैको ध्यानाकर्षण गराउन चाहन्छ’, विज्ञप्तिमा भनिएको छ, ‘उद्योग व्यवसाय प्रतिष्ठानमा मुलुकभर नै अर्बौं रूपैयाँ बराबरको क्षति भएको छ । यसबारे महासंघले थप विवरण संकलन गरिरहेको भएता पनि क्षतिका कारण राजस्व र कुल गार्हस्थ्य उत्पादनमै गम्भीर असर पर्ने प्रारम्भिक आंकलन गरिएको छ ।’ देशको समुन्नतिका लागि अन्यौल अन्त्य भएर सुशासन कायम गर्ने कार्यमा समन्वय एवं सहकार्य गर्न निजी क्षेत्र तयार रहेको पनि महासंघले जनाएको छ । उद्यम व्यवसाय सञ्चालनका लागि सुरक्षाको प्रत्याभूति गरिनुपर्ने माग रहेको छ । ‘नवनिर्माण एवं पुनःनिर्माणका लागि आगामी दिनमा आवश्यक पर्ने बजेटको मुख्य स्रोत निजी क्षेत्र रहेको हुँदा उद्यम व्यवसायको निर्वाध सञ्चालन गर्न आवश्यक शान्तिसुरक्षाको व्यवस्थाका लागि महासंघ आग्रह गर्दछ’, विज्ञप्तिमा भनिएको छ,‘निजी क्षेत्रका गतिविधि निर्बाध रूपमा सञ्चालन हुन नसकेमा अर्थतन्त्रमा थप समस्या हुने र आगामी दिनमा राजस्वमा समेत नकारात्मक प्रभाव पर्न जानेछ ।’

निषेधाज्ञा एवं कर्फ्यूका समयमा अत्यावश्यक सेवा तथा पेसाकर्मीको आवतजावत एवं औषधि, खाद्यान्न, दूध, पानी फलफूल तरकारी, पेट्रोलियम पदार्थ आदिको ओसारपसार सहजीकरणका लागि पनि महासंघले आग्रह गरेको छ । यसैगरी, गुणस्तरीय सामानको नियमित आपूर्ति गरी बजारमा अभाव सिर्जना हुन नदिनेतर्फ देशैभरका उद्यमी व्यवसायीलाई अपिल गरिएको छ । अत्यावश्यक सामान आयात-निर्यातका लागि भन्सार नाकामा सुरक्षा दिई पुनः सञ्चालन गर्ने वातावरण निर्माणका लागि पनि महासंघले आग्रह गरेको छ ।

यस्तै, नेपाल चेम्बर अफ कमर्सले बिहीबार प्रेस विज्ञप्तिमार्फत आन्दोलनका क्रममा औद्योगिक र व्यावसायिक क्षेत्रमा गम्भीर क्षति भएको जनाउँदै वर्तमान चुनौतीपूर्ण परिस्थितिमा संवाद, सहकार्य र संयमता अपनाउन सरोकार भएका निकायको ध्यानाकर्षण गराएको छ । भ्रष्टाचार निवारण, सुशासन कायम, राज्य संयन्त्रको पारदर्शिता, रोजगारी सिर्जना र सरकारी सेवामा नागरिकको सहज पहुँच जस्ता ‘जेनजी’ले उठाएका विषयलाई सबै सरोकार भएकाले गम्भीरतापूर्वक लिनुपर्ने चेम्बरले अवश्यकता औँल्याएको छ ।

‘आन्दोलनका क्रममा भएको जनधनको क्षतिले देशमा थप निराशा फैलाउने, औद्योगिक तथा व्यावसायिक वातावरण खल्बल्याउने र लगानीमैत्री वातावरणमा प्रतिकूल असर पार्ने भएकाले सबै सरोकारवाला पक्ष संयमित बनेर निकास खोज्नुपर्ने आवश्यकता छ’, विज्ञप्तिम उल्लेख छ,‘आगामी दिनमा यस्ता खाले घटना दोहोरिन नदिन सरोकार भएका पक्ष र जेनजी पुस्ताका युवाहरूलाई संवाद र रचनात्मक सहकार्यमार्फत दीर्घकालीन समाधान खोज्न हामी आह्वान गर्दछौं । साथै, मुलुकको समग्र विकासमा सबै पक्षको सक्रिय सहभागिता पनि अपरिहार्य छ ।’

यस्तै, नेपाल ट्रक यातायात व्यवसायी महासंघले प्रेस विज्ञप्ति जारी गर्दै विगत केही दिनदेखि मुलुकभर यातायात ठप्प हुँदा दैनिक उपभोग्य सामग्री, कच्चापदार्थ, औद्योगिक उत्पादनदेखि औषधि आपूर्तिसमेत गम्भीर रूपमा प्रभावित भएको जनाएको छ । यसले व्यवसायी, चालक, सहचालक र मजदुरहरूको जीविकामा संकट ल्याएको र नागरिक असाधारण कठिनाइमा परेको पनि महासंघले जनाएको छ । यातायात व्यवसायीलाई राज्यले पूर्ण कानुनी सुरक्षा दिनुपर्ने मागसमेत गरिएको छ ।

# भोजपुरका किसानको आम्दानीको स्रोत अर्ग्यानिक आलु

**भोजपुर –** यहाँ उत्पादन हुने अर्ग्यानिक आलु भोजपुरका किसानको राम्रो आम्दानीको स्रोत बनेको छ । विगतमा घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुने आलुले पछिल्लो समय सडक पहुँचका कारण निर्यात हुन थालेको छ ।

व्यापारीहरूले आलु खरिद गर्न गाडी नै लिएर किसानका घरसम्म पुग्ने गरेका छन् । गाउँघरमा सडकको पहुँच विस्तारसँगै अर्ग्यानिक आलु किसानको भरपर्दो आम्दानीको स्रोत बनेको टेम्केमैयुङ-५ मझौलेका स्थानीय कृषक शिवकुमार विष्टले बताए । ‘विगतमा यहाँ उत्पादन हुने अर्ग्यानिक आलु अन्य सहरमा पठाउन समस्या थियो, आलुसँग धान साट्नुपर्ने अवस्था थियो, तर अहिले सडकको पहुँचसँगै घरबाटै आलु बिक्री हुन थालेको छ ।’

यस वर्ष गाउँघरबाट प्रतिकेजी रु ४० देखि ४५ सम्म बिक्री हुँदै आएको किसानहरूको भनाइ छ । लेकाली भेगमा उत्पादन भएको अर्ग्यानिक आलुको बजारमा राम्रो माग रहेको स्थानीय कृषक रामबहादुर विष्टले बताए ।

‘मझौले र चोलन्ती गाउँमा अर्ग्यानिक आलु उत्पादन हुन्छ’, उनले भने, ‘गाउँका सबैले आलुखेती गरिरहेका छौं । उत्पादन भएको आलु घरबाट बिक्री हुन्छ । हाम्रो क्षेत्रको आलु अर्गानिक रहेकाले बजारमा राम्रो माग छ ।’



मझौले गाउँका एक किसानले ७०० केजीदेखि सात हजार केजीसम्म आलु उत्पादन गर्दै आएका छन् । यहाँका ८५ बढी घरपरिवारले व्यावसायिक रूपमा आलुखेती गर्दै आएको उनको भनाइ छ । यो क्षेत्रमा बढी मात्रामा भोटांगे पंखदले, धराने, सैलुंगेलगायत जातका आलु उत्पादन हुने गरेको छ । कृषि ज्ञान केन्द्रका अनुसार भोजपुर जिल्लामा हिउँदे र बर्खे गरी गत वर्ष ५१ हजार ९०० मेट्रिक टन आलु उत्पादन भएको थियो । यहाँ तीन हजार २७२ हेक्टर क्षेत्रमा आलुखेती हुने गरेको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ